६१ प्रतिशत...

रहेको उद्योग क्षेत्रमा लगानी गर्ने अधिकार प्रदान गरेको छ । विभागमा कृषि तथा वन पैदावरमा आधारित, ऊर्जामूलक, सूचना, प्रसारण तथा सञ्चार प्रविधि, उत्पादनमूलक, सेवामूलक र पर्यटनमूलकलगायतका उद्योग दर्ता हुन्छन् । दर्ताका साथै विदेशी लगानीको हकमा पुँजी समेत तोकिएको छ ।

राष्ट्र बैंकअन्तर्गत प्रत्यक्ष विदेशी लगानी शाखाका अनुसार नेपालमा विदेशी लगानीको लागि न्यूनतम सीमा प्रतिविदेशी लगानीकर्ता पाँच करोड रूपैयाँ तोकिएको छ भने अधिकतम सीमा तोकिएको छैन । 'औद्योगिक व्यवसाय ऐन–०७५' अनुसार १० करोड रूपैयाँसम्म स्थिर पुँजी भएको साना, १० करोड रूपैयाँदेखि २५ करोड रूपैयाँसम्मको स्थिर पुँजी भएको मझौला र २५ करोड रूपैयाँभन्दा बढी स्थिर पुँजी भएको ठूला विभागले दर्ता गर्छ ।

सेयरबजार...

छ । लगानीकर्ताको सम्पत्ति एक खर्ब १३ अर्ब रूपैयाँ बढेको छ । बजार पुँजीकरण ३६ खर्ब ६६ अर्ब रूपैयाँ पुगेको छ ।

कारोबार भएका दुई सय ४२ कम्पनीमध्ये दुई सय ३४ वटाको सेयरमूल्य बढेको छ । बाँकी आठ कम्पनीको सेयरमूल्य घटेको छ ।

नयाँ सरकारमा सेयरबजारप्रति नरम रहेका विष्णु पौडेल अर्थमन्त्री बनेका छन् । उनी अर्थमन्त्रीको रूपमा पदबहाली भएको दिन सोमबार नेप्से १७ अङ्क घटेको छ । तर, दोस्रो दिन बजारमा एकाएक वृद्धि आयो । अर्थमन्त्री पौडेलले सोमबार बधाई दिन पुगेका सेयर ब्रोकर सञ्चालकहरूलाई पुँजी बजारप्रति आफू सकारात्मक भएको बताएका थिए । उनले राष्ट्र बैंकलाई सेयर धितो कर्जामा लगाउँदै आएको क्याप र जोखिमभार हटाउन लगाउने आश्वासन दिएका छन् । यही कारण मंगलबार कारोबार खुलेको एक घण्टासम्म बढ्न नसकेको बजार त्यसपछि बढ्न सुरू गरेको थियो ।

त्यसो त नेप्से परिसूचकले प्राविधिकरूपमा खरिद सङ्केत देखाएको छ । दुई वर्षदेखि १८ सय देखि २२ सयको विन्दुको बीचमा थियो । अहिले नेप्सेले साइडवेज बजारको अवरोधलाई तोडेर माथि गएको छ । यो ब्रेकआउटले बजार बुलिस ट्रेन्डमा गएको बुझिन्छ ।

राष्ट्र बैंकले पनि केही दिनभित्र मौद्रिक नीति सार्वजनिक गर्दै छ । यसपछि वित्तीय प्रणालीमा प्रशस्तै पैसा थुप्रिएको र कर्जाको माग निकै कम रहेकाले कर्जा प्रवाह बढाउने गरी नीति लिने अपेक्षा गरिएको छ । कर्जा प्रवाह बढाउने नीति लिएमा बजार थप माथि जानसक्ने विश्लेषकहरु बताउँछन् ।

यस दिन म्युचुअल फन्डबाहेक सबै समूह बढेका छन् । म्युचुअल फन्ड शून्य दशमलव ४२ प्रतिशत घटेको छ । यसदिन जलविद्युत् समूह सबैभन्दा धेरै पाँच दशमलव ४५ प्रतिशत बढ्यो । त्यसपछि विकास बैंक समूह चार दशमलव ९४ प्रतिशत, होटल तथा पर्यटन तीन दशमलव ६३, लगानी तीन दशमलव शून्य छ, जीवन बीमा दुई दशमलव ९६, व्यापार दुई दशमलव ८८, बैंकिङ दुई दशमलव ७५, उत्पादन तथा प्रशोधन दुई दशमलव २३, लघुवित्त दुई दशमलव तीन, निर्जीवन बीमा दुई दशमलव १२, अन्य दुई दशमलव एक र फाइनान्स एक दशमलव ८५ प्रतिशत बढेको छ ।

बजारमा उत्साह छाउँदा छ कम्पनीको सेयरमूल्य १० प्रतिशत बढेको छ । अरू १० कम्पनीको सेयरमूल्य नौ प्रतिशतभन्दा धेरै बढेको छ । तीनवटा म्युचुअल फन्डको मूल्य १० प्रतिशत घट्यो भने अरू चार म्युचुअल फन्डको मूल्य नौ प्रतिशतभन्दा धेरै घटेको छ । सबैभन्दा धेरै ङादी ग्रुप पावरको २१ करोड ७७ लाख रूपैयाँको सेयर कारोबार भएको छ ।

एक...

३९ लाख ६६ हजार, विकास बैंकहरूमा सात लाख ३८ हजार र फाइनान्स कम्पनीहरूमा एक लाख चार हजार निक्षेप खाता थपिएको छ ।

बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप खाता संख्या पाँच करोड ५४ लाख ७५ हजार नौ सय १८ पुगेको छ । यो संख्या २०८० जेठ मसान्तमा पाँच करोड पाँच करोड छ लाख ६६ हजार दुई सय पाँच थियो । गत जेठसम्म सञ्चालनमा रहेका खातामध्ये वाणिज्य बैंकमा चार करोड ७५ लाख १२ हजार छ । एक वर्षअघि वाणिज्य बैंकहरूमा चार करोड ३५ लाख ४६ हजार खाता थिए ।

विकास बैंकहरूको खाता संख्या ७० लाख ८४ हजार छ । एक वर्षअघि ६३ लाख ४५ हजार निक्षेप खाता थियो । फाइनान्स कम्पनीहरूमा गत जेठसम्म आठ लाख ७८ हजार निक्षेप खाता सञ्चालनमा छन् । एक वर्षअघि सात लाख ७४ हजार निक्षेप खाता थिए ।

२०८१ जेठ मसान्तसम्म बैंक तथा वित्तीय संस्थामा १९ लाख एक हजार ५१ वटा कर्जा खाता सञ्चालनमा छन् । एक वर्षअघिको तुलनामा ४५ हजार दुई सय ७१ वटाले बढी हो । २०८० जेठ मसान्तमा कुल कर्जा खाता १८ लाख ५५ हजार सात सय ८० वटा थियो । वाणिज्य बैंकहरूमा १५ लाख ७१ हजार ३८, विकास बैंकहरूमा दुई लाख ८६ हजार नौ सय ६७ र फाइनान्स कम्पनीहरूमा ४३ हजार ४६ वटा कर्जा खाताहरु सञ्चालनमा छन् । एक वर्षअघि वाणिज्य बैंकहरूसँग ४३ हजार छ सय ८५, विकास बैंकहरूमा एक सय ३३ र फाइनान्स कम्पनीहरूमा एक हजार चार सय ५३ कर्जा खाता सञ्चालनमा छन् ।

सरकारले...

पौडेलको पनि उपस्थिति थियो ।

भेटमा महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको अर्थतन्त्रको सुधारका लागि निजी क्षेत्रको मनोबल बढाउनु आवश्यक रहेको बताए । मुलुकको अर्थतन्त्रमा ८१ प्रतिशत र रोजगारीमा ८६ प्रतिशत हिस्सा रहेको निजी क्षेत्रको विस्तारबाट मात्रै सुधार सम्भव रहेको प्रधानमन्त्री ओलीसँगको भेटमा अध्यक्ष ढकालले बताए ।

सर्वसाधारण र निजी क्षेत्रलाई दिइने सेवामा सुधार, उद्यमी व्यवसायीले मर्यादितरूपमा व्यवसाय गर्न पाउने वातावरणको सुनिश्चितता एवं नीतिगत र व्यवहारगत सुधारमार्फत लगानी अभिवृद्धि गर्न आवश्यक रहेको उद्यमीहरूले बताए । अध्यक्ष ढकालको नेतृत्वमा पुगेको महासंघको प्रतिनिधिमण्डलले प्रधानमन्त्रीसमक्ष निजी क्षेत्रलाई राज्यको मर्यादाक्रममा समावेश गर्नेलगायतका गैरमौद्रिक प्रोत्साहन सरकारले दिनसक्ने भन्दै अनुरोध गरेको थियो ।

सरकार र निजी क्षेत्रबाट पूर्वाधारमा हुने लगानीलाई कुनै प्रकारले निरूत्साहित गर्न नहुनेमा जोड दिँदै आर्थिक वर्षको सुरूमा नयाँ सरकार बनेको हुँदा पुँजीगत खर्च बढाउने काम गर्न महासंघले सुझाव दिएको छ ।

उद्यम व्यवसाय सम्बद्ध नियामक निकायले एक–आपसमा समन्वय बढाई लगानी प्रोत्साहन गर्नेगरी कार्यसम्पादन गर्नु आवश्यक रहेको तथा आम सर्वसाधारण, उद्यमी व्यवसायी र सरकार सबै समस्यामा रहेको स्मरण गराउँदै बाह्य क्षेत्र सन्तुलित भएका कारण सुधार तत्काल सम्भव भएको जानकारी उद्योगीहरूले प्रधानमन्त्रीलाई गराए ।

हाल अर्थतन्त्र सम्बद्ध निकायबीचमा समन्वयको अभाव रहेको र अर्थतन्त्रमा सुधारका लागि प्रधानमन्त्री नेतृत्वमा निजी क्षेत्र सम्मिलित आर्थिक सुधार आयोग वा अन्य कुनै संयन्त्र आवश्यक रहेको सो प्रतिनिधिमण्डलले जनाएको थियो ।

निर्माण व्यवसायीको भुक्तानी र डेडिकेटेड फिडर एवं ट्रकलाइनसम्बन्धी विवाद तत्काल समाधान गरी उद्यमी व्यवसायीलाई निर्बाध र सहजरूपमा काम गर्नसक्ने वातावरण निर्माण गर्न, सहकारी र लघुवित्तमा देखिएको समस्याका कारण ग्रामीण भेग, साना सहर र साना उद्यमीसम्म रकम पुग्न नसकेको हुँदा त्यहाँ सहज वित्तीय पहुँचका लागि विशेष पहल गर्न पनि सो प्रतिनिधिमण्डलले माग गरेको थियो ।

निष्क्रिय...

प्रवाह गरेका छन् । जसमध्ये करिब चार प्रतिशत अर्थात् दुई खर्ब चार अर्ब ११ करोड रूपैयाँबराबरको कर्जा निष्क्रिय देखिएको छ । जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा शुन्य दशमलव ६४ प्रतिशत विन्दु अर्थात् ४१ अर्ब ९४ करोड रूपैयाँले बढी हो । गत आर्थिक वर्षको सोही अवधिमा औसत निष्क्रिय कर्जा तीन दशमलव ३४ प्रतिशत थियो ।

एक वर्षअघि बैंक तथा वित्तीय संस्थाको निक्षेप ५५ खर्ब ६८ अर्ब रूपैयाँ र कर्जा प्रवाह ४८ खर्ब ५५ अर्ब रूपैयाँ थियो । त्यसबेला निष्क्रिय कर्जा तीन दशमलव ३४ प्रतिशत अर्थात् एक खर्ब ६२ अर्ब रूपैयाँ थियो ।

गत जेठ मसान्तसम्म वाणिज्य बैंकहरूले ५५ खर्ब ४० अर्ब रूपैयाँ निक्षेप सङ्कलन गरी ४५ खर्ब ३२ अर्ब रूपैयाँ कर्जा प्रवाह गरेका छन् । कुल प्रवाह भएको कर्जामध्ये तीन दशमलव ८९ प्रतिशत अर्थात् एक खर्ब ७६ अर्ब रूपैयाँ निष्क्रिय कर्जा छ । जुन एक वर्षअघिको तुलनामा शून्य दशमलव ६६ प्रतिशत विन्दु अर्थात् ३७ अर्ब ४८ करोड रूपैयाँ बढी हो । एक वर्षअघि वाणिज्य बैंकहरूले ४९ खर्ब १० अर्ब रूपैयाँ निक्षेप सङ्कलन गरी ४२ खर्ब ९७ करोड रूपैयाँ कर्जा प्रवाह गरेका थिए । त्यसबेला निष्क्रिय कर्जा तीन दशमलव २३ प्रतिशत अर्थात् एक खर्ब ३८ अर्ब रूपैयाँ थियो ।

विकास बैंकहरूले गत जेठ मसान्तसम्म पाँच खर्ब ९४ अर्ब रूपैयाँबराबरको निक्षेप सङ्कलन गरी चार खर्ब ९८ अर्ब रूपैयाँ कर्जा प्रवाह गरेका छन् । जेठ मसान्तमा विकास बैंकहरूको निष्क्रिय कर्जा तीन दशमलव ६३ प्रतिशत अर्थात् १८ अर्ब छ करोड रूपैयाँ छ । जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा शून्य दशमलव २३ प्रतिशत अर्थात् दुई अर्ब २४ करोड रूपैयाँले बढी हो । गतवर्ष जेठमा विकास बैंकहरूको निक्षेप सङ्कलन पाँच खर्ब ४९ अर्ब रूपैयाँ र कर्जा प्रवाह चार खर्ब ६५ अर्ब रूपैयाँ थियो भने निष्क्रिय कर्जा तीन दशमलव ४० प्रतिशत अर्थात् १५ अर्ब ८१ करोड रूपैयाँ थियो ।

फाइनान्स कम्पनीहरूको निष्क्रिय कर्जा गत जेठमा १० दशमलव ४० प्रतिशत अर्थात् १० अर्ब २६ करोड रूपैयाँ छ । जेठसम्म फाइनान्स कम्पनीहरूको कुल निक्षेप एक खर्ब २६ अर्ब र कर्जा लगानी ९८ अर्ब ६९ करोड रूपैयाँ थियो । फाइनान्स कम्पनीहरूको यो निष्क्रिय कर्जा एक वर्षअघिको तुलनामा दुई दशमलव २१ प्रतिशत विन्दु अर्थात् दुई अर्ब ७० करोड रूपैयाँ बढी हो । एक वर्षअघि २०८० जेठमा फाइनान्स कम्पनीहरूको निक्षेप एक खर्ब नौ अर्ब रूपैयाँ र कर्जा लगानी ९२ अर्ब ३३ करोड रूपैयाँ थियो । त्यसबेला फाइनान्स कम्पनीहरूको निष्क्रिय कर्जा आठ दशमलव १९ प्रतिशत अर्थात् सात अर्ब ५६ करोड रूपैयाँ थियो ।

टेरामक्स

छ ।' बास्कोटाले आफैँ जोडिएको टेरामक्स खरिद प्रक्रियामा २०८० पुस १२ गते संसद्को सार्वजनिक लेखा समितिमा कुनै प्रविधिको अनुसन्धान छ कि छैन भनी प्रविधि भित्र्याएकोमा उनैले प्रश्न गरेका थिए । जब कि उनले २५ करोड मागेको ठाउँमा ७० करोड रूपैयाँ स्वीकृत गर्दा यी प्रश्न गरेको पाइँदैन ।

टेरामक्स खरिद प्रक्रियामा मन्त्री बास्कोटाले स्वीकृत गरेको बजेटबाट स्रोतको सुनिश्चिता भएसँगै ठेक्का प्रक्रिया अघि बढेको थियो । दूरसञ्चार प्राधिकरणले २०७४ असोज २० गते उपकरण तथा पाँच वर्षसम्म त्यसको सञ्चालन समेत गर्नेगरी टेन्डर सूचना निकालेको थियो । १६ वटा कम्पनीले टेन्डर प्रक्रियामा सहभागी भएकोमा १२ वटा कम्पनीलाई प्राविधिकरूपमा अयोग्य बनाइयो ।

लेबनानको भेन्राइज, स्विजरल्यान्डको एसजीएस, हङकङको एन्सफ्ट र क्यानडाको टीकेसी प्रतिस्पर्धामा थिए । कार्यावधि, कारोबार, विशेषज्ञतालगायतका लागि ८० अङ्क तोकिएको थियो भने जनशक्तिलगायतमा २० अङ्क तोकिएको थियो । चारवटा कम्पनी छनोट भएसँगै मापदण्ड परिवर्तन गरिएको थियो । टेन्डर प्रक्रियामा केही खुकुलो नियम बनाएर सर्त परिवर्तन भएको देखिन्छ ।

टेलिकम कम्पनीहरूसँग काम गरे पनि फरक नपर्ने सर्त परिवर्तन भयो । परिवर्तन भएको सर्तमा लेखिएको छ अन्य मुलुकका टेलिकम अपरेटरसँग काम गरे पनि फरक पर्दैन भनी उल्लेख गरिएको छ । चारवटा कम्पनीबाट कुनै एउटा कम्पनीले ठेक्का पाउने सुनिश्चितता र प्रतिस्पर्धीले भन्दा एक अर्ब ३७ करोड रूपैयाँ बढी भुक्तानी पाउने अवस्था भएको भन्दै अख्तियारमा उजुरी परेको थियो । सो उजुरीको विषयमा अख्तियारले सूचना तथा सञ्चार मन्त्रालय र प्राधिकरणलाई पत्र समेत पठाएको थियो ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
(योजना, अनुगमन तथा मूल्याकन शाखा)
सिंहदरवार, काठम

प.स.यो.अ. १५/२०७५/७६
च.नं. ९३

मिति: २०७५।७।७

विषय: बार्षिक कार्यक्रममा सहमति प्रदान गरिएको।

श्री नेपाल दूरसञ्चार प्राधिकरण, कमलादी, काठमाडौं ।

उपरोक्त सम्बन्धमा तहाँको मिति २०७५/०६/१९ को पत्रमार्फत त्यस प्राधिकरणको आ.व. २०७५/७६ को बार्षिक कार्यक्रमको सहमतिको लागि अनुरोध भइ आएकोमा यसैसाथ संलग्न परिमार्जित बार्षिक कार्यक्रमलाई देहायबमोजिम कार्यान्वयन गर्ने गरी दूरसञ्चार नियमावली, २०५४ को नियम ३४ (ग) बमोजिम नेपाल सरकार, माननीय मन्त्रीस्तरको मिति २०७५/७/७ को निर्णय अनुसार सहमति प्रदान गरिएको व्यहोरा अनुरोध छ ।

१. उक्त कार्यक्रमको कार्ययोजना, खरिदयोजना बनाइ समयमा खरिद प्रक्रिया पूरा गरी आयोजनाहरु समयमा नै सम्पन्न गर्ने गरी काम गराउने ।
२. आयोजनाहरु समयमा सम्पन्न नगर्नेलाई कारवाही गर्ने व्यवस्था मिलाउने ।
३. नियमित अनुगमन मूल्याङ्कन समेत गरी चौमासिक, मासिक प्रगति प्रतिवेदन मन्त्रालयमा पठाउने ।
४. उक्त कार्यक्रमको कार्यान्वयन कार्ययोजना बनाइ १५ दिनभित्र मन्त्रालयमा पेश गर्ने ।
५. प्रत्येक वर्ष आर्थिक बजेट तथा कार्यक्रम जेठ मसान्तभित्र मन्त्रालयमा सहमतिका लागि पेश गर्ने ।

गौरीप्रसाद आचार्य
शाखा अधिकृत

विपत्मा परी हालसम्म एक सय २० जनाको मृत्यु

काठमाडौं, साउन १ । अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायतका विपत्मा परी मंगलबार दिउँसोसम्म १ सय २० जनाको मृत्यु भएको छ । बाढी, पहिरोलगायतका विपत्मा परी काठमाडौं उपत्यकामा दुई जना, कोशी प्रदेशमा २२ जना, मधेश प्रदेशमा पाँच जना, बागमती प्रदेशमा १५ जना, गण्डकी प्रदेशमा ३८ जना, लुम्बिनी प्रदेशमा २३ जना, कर्णाली प्रदेशमा सात जना र सुदूरपश्चिम प्रदेशमा आठ जना गरी जम्मा एक सय २० जनाको मृत्यु भएको हो ।

साथै काठमाडौं उपत्यकामा आठ जना, कोशी प्रदेशमा ३४ जना, मधेश प्रदेशमा नौ जना, बागमती प्रदेशमा सात जना, गण्डकी प्रदेशमा २८ जना, लुम्बिनी प्रदेशमा नौ जना, कर्णाली प्रदेशमा २९ जना र सुदूरपश्चिम प्रदेशमा ११ जना गरी जम्मा एक सय ३५ जना घाइते भएका छन् । घाइतेहरूलाई उपचारको लागि स्थानीय अस्पताल लगिएको छ । साथै कोशी प्रदेशमा ४१ जना, गण्डकी प्रदेशमा १२ जना गरी जम्मा ५३ जनाको उद्दार गरिएको छ । बाढीपहिरोमा परी कोशी प्रदेशमा दुई जना, मधेश प्रदेशमा एक जना, बागमती प्रदेशमा दुई जना, गण्डकी प्रदेशमा एक जना, कर्णाली प्रदेशमा एक जना र सुदूरपश्चिमम प्रदेशमा एक जना गरी आठ जना बेपत्ता भएका छन् । वेपत्ताको खोजी कार्य जारी छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, ईटहरी

सडक डिभिजन, दमक

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

प्रकाशित मितिः २०८१–०४–०२

यस डिभिजनको सूचना नं. ६-०८०/८१ मार्फत मिति २०८१-०१-३१ को प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसारको तपसिलमा उल्लेखित ठेक्काहरूमा पेश भएका प्राविधिक प्रस्ताव मूल्यांकन समितिवाट मूल्यांकन सम्पन्न भई स्वीकृत भएको हुँदा तपसिलमा उल्लेखित वोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ङ) तथा उपनियम ५ वमोजिम **मिति २०८१–०४–०९ गते, समय : १३:०० वजे, सडक डिभिजन दमक**मा निजको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि.नं.	ठेक्का नं.	कामको विवरण	सारभूतरुपमा प्रभावग्राही वोलपत्रदाताको नाम, ठेगाना
१	RD-DMK/3370116 9-4/ 2080/081-28	Construction of Blacktopped Works along Dahi Chowk- Jeevan Chowk-Chhalphal Chowk-Kyampa Jodne Sadak	१. श्री सतासी निर्माण सेवा प्रा.लि. शिवसताक्षी -८, झापा २. श्री सिद्धकाली ईन्टरनेशनल विल्डर्स, भद्रपुर -८, झापा ३. श्री माँ पाथिभरा - एन एस सी जे.भी. दमक -६, झापा ४. श्री विज्ञान - वाजु जे.भी. कमल -३, झापा ५. श्री पूर्वान्चल कन्स्ट्रक्सन, भद्रपुर -१०, झापा ६ श्री सिद्धिथुम्का निर्माण सेवा प्रा.लि. सुर्योदय -८, इलाम
२	RD-DMK/3370116 9-4/ 2080/081-29	Black Top Works along Jhapa Kshetra No. 2 Chakrapath (Ath Kathe Culvert Dekhi Devkota Aa. Bi. Paschim Danda Gaun Hudai Netra Marga Dakhsin Bhatarai Chock Jodne Bato, Birtamod Na. Pa. 7/Laxmipur Chandani Chock Arjundhara Jaleshwar Dham Jodne Sadak/Garuwa Chock Dekhi Talo Bange Chock Jodne Bato)	१. श्री सतासी निर्माण सेवा प्रा.लि. शिवसताक्षी -८, झापा २. श्री सिद्धकाली ईन्टरनेशनल विल्डर्स, भद्रपुर -८, झापा ३. श्री एलेक्स - विकास - नुमा जे.भी. मेचीनगर -१०, झापा ४. श्री उदेश्य निर्माण सेवा, मेचीनगर -१, झापा ५. श्री सिद्धिथुम्का निर्माण सेवा प्रा.लि. सुर्योदय -८, इलाम ६. श्री पूर्वान्चल कन्स्ट्रक्सन, भद्रपुर -१०, झापा

डिभिजन प्रमुख

एम.एम.सि.ओभरसिज प्रा. लि. को (लिक्विडेसन) सम्बन्धमा हकदाबी गर्न आउने बारे सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०१/०२ मा दर्ता भएको प्रा.लि.नं. २६२१०१/०७७/०७८ को एम.एम.सि.ओभरसिज प्रा.लि. लाई खारेजी (लिक्वीडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८१/३/३० गतेको विशेष साधारणसभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

अधिवक्ता रामचन्द्र ओझा लिक्विडेटर
दामासाही प्र.प.नं. ३२९ मोबाइल नं. ९८४१२३२९१७, अफिस ०१–५७०५००४

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति २०८१/०४/०२

यस **सिद्ध शक्ति योग आश्रम** (मुनाफा वितरण नगर्ने कम्पनी) दर्ता नं.२६३६७५/२०७७/७८) को मिति २०८१/०३/०९ को विशेष साधारण सभाले यस कम्पनीको नाम परिबर्तन/संशोधन गरी **सिद्ध शक्ति योग धाम** (मुनाफा वितरण नगर्ने कम्पनी) कायम गर्ने प्रस्ताव पारित गरेबमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल श्रीसम्पत्ति तथा तिर्नु-बेहोर्नुपर्ने कर, दायित्व आदि परिबर्तित कम्पनीले सकार्ने-बेहोर्ने गरी यस कम्पनीको नाम परिबर्तन गर्न कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८१/०३/१० मा स्वीकृति प्रदान गरिएकोले यस मुनाफा वितरण नगर्ने कम्पनीसँग सरोकार राख्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

माइग्रेसन हरायो

२०८१/०२/२० गते चक्रपथदेखि एयरपोर्टसम्म जाँदा मेरो +२ को माइग्रेशन हराएको हुँदा कुनै पनि महानुभावहरूले भेटाएमा तलको ठेगाना वा नजिकैको प्रहरी चौकीमा सम्पर्क गरिदिनु होला ।

नाम : संगिता लामा
ठेगाना : धुम्बाराही, काठमाडौं
रजिष्ट्रेशन नं. : ७८३२७२९९०१९२
रोल नं. : २७७०९०६४
सम्पर्क नं. : ९८०३६७३५८४

नेपाल सरकार
खानेपानी मन्त्रालय

संघीय खानेपानी तथा ढल व्यस्थापन आयोजना, रामेछाप

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(**प्रकाशन मिति** : २०८१/०४/०२)

यस संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, रामेछापबाट ठे.नं. IFB/01/fwssmpramechhap/climate/2080-81 को लागि पेश भएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित सारभूतरुपमा प्रभावग्राही न्यूनतम मुल्यांकित बोलपत्र स्वीकृतिको लागि छनौटमा परेको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफाहरु २ र ३ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

ठे.नं.	कामको बिवरण	फर्मको नाम, ठेगाना	कबोल अंक (मु.अ.कर बाहेकको) रु.
IFB/01/ fwssmpramechhap/ climate/2080-81	Construction of Sindhuligadhi Brihat Pumping Water Supply Project, Sindhuli	Mrit Sanjiwoni Nirman Sewa Pvt. Ltd-N & K Construction Service JV	NRs. 8,98,78,863.79 (Without Provisional Sum

---

शेयरधनीहरुको लागि अत्यन्त जरुरी सूचना

यो कम्पनीको कारोबारका लागि थप रकम आवश्यक परेको हुँदा कम्पनीको जारी पुँजि रू. १०,००,००,०००।–(रू.दश करोड) रहेकोमा सो मध्येको ६,१९,००,०००।–(रूपैया छ करोड उन्नाइस लाख) भुक्तानी भई बाडफाँड भईसकेकोमा बाकी रू.३,८१,००,०००।– (रूपैया तिन करोड एकासि लाख) बराबरको शेयर बिक्रि गर्नकालागी बिभिन्न मितिको संचालक समितिको बैठक बाट निर्णय भएको हुदा पुन संचालक समितिको निर्णय बमोजिम हाल कायम इच्छुक शेयरधनीहरूलाई ३५ दिन भित्र शेयर रकम सहित आबेदन दिनुहुन अनुरोध गरिन्छ । साथै ३५ दिनभित्रमा शेयर खरीदका लागि आवश्यक रकम सहित आबेदन नदिएमा शेयरधनी बाहेक अन्यलाई शेयर बिक्रि गरिने कुरा शेयरधनीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

अबिरल हाइड्रोपावर प्रा.लि.
उर्लाबारी मोरङ